स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.:

मिति : २०८१/०७/०७

**गाउँपालिका खेलकुद विकास समितिको अध्यक्ष हुनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सु-संस्कृत समाजको निर्माण गर्न, स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत रहि स्वस्थ एवम् अनुशासित नागरिकको पहिचान बनाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा खेलाडीहरु उत्पादन गरी खेलकुद क्षेत्रको विकास गर्ने प्रयोजनका लागि यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको 'गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि, २०८१' को परिच्छेद ३ को (४) मा भएको व्यवस्था बमोजिम गाउँपालिका खेलकुद विकास समितिको अध्यक्ष हुन चाहने यस गाउँपालिकाका इच्छुक व्यक्तिले १५ (पन्ध्र) दिनभित्र गाउँपालिकामा निवेदनसहित पञ्चवर्षिय खेलकुद विकास प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**खेलकुद विकास समितिको अध्यक्ष हुन देहाय बमोजिम योग्यता पुगेको हुनुपर्ने छ।**

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक
ख) गाउँपालिका क्षेत्रभित्रको स्थायी बासिन्दा भएको
ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको
घ) प्रचलित कानुनले अयोग्य नभएको
ङ) अध्यक्ष हनु चाहनेले खेलकुद विकास प्रस्ताव पेश गरेको

**खेलकुद विकास प्रस्तावको ढाँचा :**

- परिचय/पृष्ठभूमि
- हेलम्बुमा खेलकुद क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण, समिक्षा र सम्भाव्यता
- खेलकुद विकासका लागि बजेट सहितको पञ्चवर्षिय योजना तथा कार्यक्रमहरु (दुरदृष्टि, उद्देश्य, आवश्यकता पहिचान र प्राथमिकीकरण, लक्ष्य निर्धारण, पाँच वर्षका लागि कार्यकलाप निर्धारण, पाँच वर्षका लागि बजेट अनुमान, सारांश)
- खेलकुद क्षेत्रका मुख्य चूनौती, मुद्धाहरु, समस्याहरु, कमजोरीहरु, सुधार र समाधानका उपायहरु
- निष्कर्ष

..................
**राजुभाइ श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

E-mail: helamburm@gmail.com, helambuedu@gmail.com Website: helambumun.gov.np